बैठक संख्या : ६७ स्थान : राप्ती नगरपालिका

मिती : २०७६।११।१३ गते समय : साझ ५ : ०० बजे

आज राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती क्र.बा. तिलक बहादुर कार्की

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

**बैंठक संख्या : ६७** **मिती : २०७६।११।१३ गते** **समय : साझ ५:०० बजे**

**प्रस्तावहरु**

१. तत्काल गर्नुपर्ने योजना सम्बन्धमा ।

२. फर्जी रसिद प्रयोग गरी माटो विक्री गरेको सम्बन्धमा ।

३. एकिकृत बस्ती विकास योजना राप्ती-११ को लागि जग्गाको विवरण लिने सम्बन्धमा ।

४. आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माणको लागि जग्गाको विवरण लिने सम्बन्धमा ।

५. नगरपालिकाको प्रशासकीय भवन निर्माणको भेरियसन स्वीकृत गर्ने सम्बन्धमा ।

६. प्रथम परेवाकोट कृषी पर्यटन महोत्सव २०७६ को लागि सहयोग सम्बन्धमा ।

७. उपभोक्ता समिति गठन सम्बन्धमा ।

**निर्णय नं. १**

**प्रस्ताव** नं. १ माथि छलफल गर्दा विभिन्न वडाका विभिन्न स्थानहरुमा तत्काल कार्य गर्नुपर्ने गरी माग **भई** आएका योजना तथा कार्यक्रम सम्बन्धमा राप्ती नगरपालिकाका प्रमुख, उपप्रमुख, अनुगमन **समिति**, पूर्वाधार विकास समितिका संयोजक, प्राविधिक लगायतका टोलीबाट स्थलगत अनुगमन **गरी** आवश्यकता पहिचानका आधारमा सम्बोधन गर्दै जाने र वडा नं. १, २, र ३ को मुख्य आवत **जावत** गर्ने प्रतापपुर नजिकको पुल जीर्ण भइ भत्किएकोले विपद व्यवस्थापन शीर्षकबाट **रु.१२,००,०००।** रकम विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताव** नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकामा माटोको विक्री कर उठाउने गरी वडा नं. ९ **मा बुझाएको** ८३५१-८४०० सम्मको रसिदको ठेली कै आकार प्रकार र नंम्बर मिल्ने गरी **कार्यालय**को छाप नलागेको अवस्थामा प्रयोगमा ल्याइएको रसिद प्याड प्रमुख श्री प्रभा बराल, वडा **अध्यक्ष** श्री सुमिता डल्लाकोटी, कार्यपालिका सदस्य श्री पुष्पा कुवर र आइती देवी दराई समेतको **टोलीले** अनुगमन निरिक्षणको समयमा राप्ती -९ निवासी रोहित तामाङबाट संकास्पद अवस्थामा **प्राप्त भए**को हुँदा राप्ती नगरपालिकाबाट सो रसिद प्याडमा उल्लेख भएको नं. भएको सक्कल **रसिद प्याड** वडा नं. ९ को छाप लगाई काटिएको रसिदमा उल्लेखित रकम सहित कार्यालयमा **प्राप्त भई** सकेकोले छाप लागेका उक्त रसिद प्याड फर्जी रुपमा के कस्को आदेशमा कहाँ छपाई **भयो के** कसरी छपाई गरी प्रयोगमा आए आदि जस्ता विषयमा निष्पक्ष रुपमा छानविन गर्न, **मानिस** झिकाउने, थुनछेक गर्ने सम्मका कार्य गर्नुपर्ने हुन सक्ने भएकोले उक्त विषयमा छानविन **गरी आवश्यक** कारवाही गरी सहयोग गरिदिन रसिद प्याड सहित जिल्ला प्रशासन कार्यालय **भरतपुर** चितवनमा अनुरोध गर्ने निर्णय गरियो ।

**बैंठक संख्या : ६७** **मिती : २०७६।११।१३ गते** **समय : साझ ५:०० बजे**

**निर्णय नं. ३**

**प्रस्ताव** नं. ३ माथि छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट राप्ती-११ मा एकिकृत बस्तीको लागि १ करोड प्राप्त भएको हुदा सो बजेटलाई शीघ्र कार्यान्वयन गर्नुपर्ने तर सो रकमबाट जग्गा खरिद गर्न नपाइने हुदा सो बस्ती विकास कार्यक्रम संचालन गर्न प्राविधिकबाट ल.ई.मा उल्लेख भए बमोजिमको आवश्यक जग्गा (लम्बाई १६५ फिट र चौडाई ३३ फिट) देहाय बमोजिम गरी ३ दिन भित्र पठाई दिन वडा नं. ११ वडा समितिलाई देहाय बमोजिम जग्गाको विवरण ३ दिन भित्र खुलाई पठाइ लेखी पठाउने निर्णय गरियो ।

क. उपयुक्त स्थानको पहिचान गरी नम्बरी पुर्जावाल जग्गा भएका चार किल्ला खोली पूर्जा सहित पठाउने बोलपत्र आव्हान गर्नु पहिले नै रजिष्ट्रेशन पास गरि दिनुपर्ने ।

ख. ऐलानी जग्गा भएमा चारकिल्ला खोली क्षेत्रफल एकिन गरी कसैले भोग चलन गरिरहेको भए भोग चलनको छोटपत्र गरिएको पत्र सहित पठाउने ।

ग. माथि उल्लेखित दुबै विकल्प नभएमा सार्वजनिक जग्गा (बन क्षेत्र बाहेक) को चारकिल्ला खोली क्षेत्रफल खुलाई पठाउने ।

**निर्णय नं. ४**

**प्रस्ताव** नं. ४ माथि छलफल गर्दा स्वास्थ्य चौकी नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्न वागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट रकम प्राप्त हुने शुनिश्चितता सहितको पत्र प्राप्त भएकोले लागि वडा नं. १, ३, ४,५,६ ८ र ११ नं. वडा समितिहरुलाई देहाय बमोजिम जग्गाको विवरण ३ दिन भित्र खुलाई पठाइ लेखी पठाउने निर्णय गरियो ।

क. उपयुक्त स्थानको पहिचान गरी नम्बरी पुर्जावाल जग्गा भएका चार किल्ला खोली पूर्जा सहित पठाउने बोलपत्र आव्हान गर्नु पहिले नै रजिष्ट्रेशन पास गरि दिनुपर्ने ।

ख. ऐलानी जग्गा भएमा चारकिल्ला खोली क्षेत्रफल एकिन गरी कसैले भोग चलन गरिरहेको भए भोग चलनको छोटपत्र गरिएको पत्र सहित पठाउने ।

ग. माथि उल्लेखित दुबै विकल्प नभएमा सार्वजनिक जग्गा (बन क्षेत्र बाहेक) को चारकिल्ला खोली क्षेत्रफल खुलाई पठाउने ।

- २०६८ को जनगणना अनुसार ७००० भन्दा बढी जनसंख्या भएका वडा लागि Type-1 को भवन निर्माण गर्न कम्तीमा १६ आना(५०८.९२ ब.मी.) जग्गा
- २०६८ को जनगणना अनुसार ७००० भन्दा कम जनसंख्या भएका वडा लागि Type-2 को भवन निर्माण गर्न कम्तीमा ९ आना(२८६ ब.मी.) जग्गा

१८

**बैंठक संख्या : ६७ मिती : २०७६।११।१३ गते समय : साझ ५:०० बजे**

**निर्णय नं. ५**

**प्रस्ताव** नं. ५ मा राप्ती नगरपालिकाको प्रशासकिय भवन निर्माणको कार्य पदाधिकारीहरुबाट समय समयमा अनुगमन गर्दा सन्तोषजनक रुपमा अघि बढीरहेको देखिएको छ । काममा तीव्रता आएसँगै कुनै आइटममा थप गर्नुपर्ने, कुनै आइटमहरुमा थपघट समेत गर्नुपर्ने भएकोले यसको एकिन गर्न कार्यालयका सवै इन्जिनियर, निर्माण व्यवसायी तर्फका इन्जिनियर र प्रतिनिधि यो भवनको डिजाइनमा प्रत्यक्ष रुपमा सघाउने CCPIU का आयोजनाका उप निर्देशक श्री कोषनाथ अधिकारी समेतको बैठक बसी वेसमेन्ट, भुइ तल्ला र पहिलो तला सम्मको निर्माण कार्य पूरा गर्न आवश्यक देखिएको भेरियसन थपघट लागत तयार भइ पेश भएको सम्बन्धमा छलफल गर्दा बेस मेन्टमा गाडी भित्र जाने र बाहिर निस्कने ठाउको न्यामको आइटम, सेफ्टी टंकीको आइटम, बेसमेन्टमा शेरवाल लगाएको ठाउँमा Water Proofing र Explanation Joint मा राख्ने कुराहरु छुट भएको र ती आधारभुत काम नगर्दा भवनबाट कार्य संचालन गर्न नसकिने भएकोले उक्त मुख्य काम थप गर्नुपर्ने , भवन अगाडी माटो पुर्ने कार्य भइ नसकेकोले मुख्य द्धार अगाडीको कार्पोस हटाउने, माथिल्लो तल्ला निर्माण गर्न बोलपत्र आव्हान भइ सकेकोले भऱ्याङमा मार्वल राखेमा माथिल्लो तलाको निर्माण कार्य गर्न सामान ओसार पसार गर्दा मार्वल टुटफुट हुन सक्ने भएकोले सो भऱ्याङमा मार्वल राख्ने कार्य नगर्ने र भवनको बाहिर रंग लगाएमा माथिल्लो तलाको निर्माण कार्य गर्दा रङ लतपत हुने भएकोले बाहिर रङ नलगाउने समेत गर्न र भवनमा रडको परिमाण नपुग भएकोले सो समेत गरी प्राविधिकबाट तयार हुन आएको कुल थप भेरियसन रकम रु १ करोड २६ लाख ९५ हजार ३ सय पैतालिस पैसा छयासी मात्र प्राप्त हुन आएको छ । यो रकम कुल ठेक्काका सम्झौता रकमको २०.५२% हो ल.इ. रकमको ९.३२% घटी हो ।

अत: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा १ को घ बमोजिम १५% देखी २५% सम्म भेरियसन स्वीकृत गर्न अधिकार भित्र रही पेश हुन आएको रु रु १ करोड २६ लाख ९५ हजार ३ सय पैतालिस पैसा छयासी मात्रको भेरियसन रकम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

**प्रस्ताव** नं. ६ माथि छलफल गर्दा राप्ती नगरपालिका वडा नं. १ स्थित पर्यटकीय स्थल परेवाकोटलाई मुख्य केन्द्रविन्दु बनाई पर्यटन विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ VISIT NEPAL 2020 को अवसर पारी मिति २०७६।११।२१ देखि २०७६।१२।०१ सम्म **प्रथम परेवाकोट कृषी, पर्यटन महोत्सव २०७६** आयोजना गर्न लागिएको उक्त महोत्वसलाई सफल पार्न आर्थिक लगायत अन्य आवश्यक सहयोग माग भएकोको उक्त महोत्सवलाई व्यवस्थापन गर्न **VISIT NEPAL 2020** कार्यक्रममा छुट्याइको रकम रु ७,००,०००। मध्यबाट रु ३ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो।

**बैंठक संख्या : ६७** **मिती : २०७६।११।१३ गते** **समय : साझ ५:०० बजे**

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल चालु आ.व. ०७६/७७ को दोस्रो चौमासिक सकिन लागेको छ । कतिपय योजना तथा कार्यक्रमहरु अझै सम्झौता हुन सकेको छैन । अत: प्राविधिक रुपमा लागत इष्टिमेट आउने खालका पूर्वाधार निर्माणका सवै योजनाको उपभोक्ता समिति गठन गरी यही २०७६।११।२० गते भित्र नगरपालिकामा पठाई सक्ने र नगरपालिकाले फाल्गुन मसान्त भित्र अनिवार्य रुपमा योजनाहरु सम्झौता गरी गराई सक्ने भनि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।